# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ७२ | काठमाडौं | शुक्रबार, २० असार २०८२ | Prabhab National Daily | Friday, July 04, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## कांग्रेसमा सुशासनको प्रश्न सोध्दा अनुशासनहीन भएको आरोप



पार्टीमा अन्तर्घात गर्ने सबैलाई माफी दिने हो भने दिऔं होइन भने कारबाही गरौं । संविधानभन्दा माथि हो अनुशासन समितिको सभापति ? यस्तै हो भने मैले आफैंले आमरण अनसन बस्नुपर्ने हुन्छ

■ **अर्जुन नरसिंह केसी**
केन्द्रीय सदस्य, नेपाली कांग्रेस



सुशासन, सेवा प्रवाहको कुरा हामीले धेरै सुन्दै आएका छौं । तर यो कुरा पार्टीमा पनि लागू हुनुपर्ने होलानी ? विधानत तोकिएको जिम्मेवारी पुरा गर्न नसक्दा सम्बन्धित तहका नेतृत्वलाई जवाफदेही पनि बनाउनु पर्ने होलानी । सक्रिय सदस्यताको विषयमा ३३ वटा परिपत्र पठाउँदा पनि मातहतका तहले समयमा काम गर्दैनन भने त्यसको जवाफदेही को हुने ?

■ **अजयबाबु शिवाकोटी**
केन्द्रीय सदस्य, नेपाली कांग्रेस



### विनोद चौधरीमाथि खनिए दिनेश कोइराला

कांग्रेस केन्द्रीय सदस्य दिनेश कोइराला डलर अर्बपति विनोद चौधरीमाथि खनिएका छन् । चौधरी हाइपर सोनिक मिसाइल शैलीमा प्रक्रिया पुरा नगरी केन्द्रीय सदस्य बनेको आरोप कोइरालाले लगाए । 'आजकाल विश्वभरी हाइपर सोनिक मिसाइलको खुब चर्चा छ । नेपाली कांग्रेसका कार्यकर्ताहरूले यस्ता हाइपर सोनिक मिसाइल धेरै पटक देखेका भोगेका छन् । चुनावका बेला एकजना अब्बल मानिस आकाशबाट हाइपर सोनिक मिसाइल जसरी फ्याट्ट झर्छ,' कोइरालाले भने, 'उ त्यतिकै झरेको हुँदैन, साथमा टिकट पनि बोकेर झरेको हुन्छ । हाइपर सोनिक मिसाइलले बम बारुद बोकेर झरेको हुन्छ भने हाइपर सोनिक मानिसले चाहिँ टिकट बोकेर झरेको हुन्छ ।'

क्रमशः पृष्ठ २ मा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सोमबारबाट शुरु भएको कांग्रेस केन्द्रीय समितिमा नेताहरूले पार्टीको सुशासनमाथि प्रश्न उठाइरहेका छन् । विधानअनुसार कांग्रेसले अबको मंसिरमा महाधिवेशन गर्नुपर्ने हो । तर यसका लागि आवश्यक पूर्वतयारी केही भएको छैन ।

यद्यपि कांग्रेस केन्द्रीय सदस्यहरूले विधानअनुसार नै महाधिवेशन गर्नुपर्ने माग केन्द्रीय समितिमा उठाउन भने छाडेका छैनन् । कांग्रेस केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले यही केन्द्रीय समितिबाट २०८२ मंसिरमै महाधिवेशन तोक्नुपर्ने गरेका छन् । 'समयमै महाधिवेशन हुने अभिव्यक्ति सभापतिजीले दिँदै आउनु भएको छ,' बिहीबारको केन्द्रीय समितिमा केसीले भने, 'त्यसैले २०८२ मंसिरभित्रै महाधिवेशन सम्पन्न होस्, त्यसको निश्चित तिथि यही बैठकबाट तोकिनुपर्छ ।'

पार्टीमा अनुशासन समितिको कामकारबाही पारदर्शी हुनुपर्ने केसीको भनाइ थियो । 'यहाँ त मनपरी ढंगले कतै के गरिएको छ । कतै के गरिएको छ । पार्टीमा अन्तर्घत गर्ने सबैलाई माफी दिने हो भने दिऔं होइन भने कारबाही गरौं । संविधानभन्दा माथि हो अनुशासन समितिको सभापति यस्तै हो भने मैले आफैंले आमरण अनसन बस्नुपर्ने हुन्छ,' केसीले भने ।

अर्का केन्द्रीय सदस्य नैनसिंह महरले पार्टीको १५ औं महाधिवेशनको मिति तत्काल तोक्नुपर्ने माग केन्द्रीय समितिमा गरे । सोमबारकै केन्द्रीय समितिमा महरले महाधिवेशनको अनिश्चितताले पार्टी पंक्तिमै अन्योल बढेको र सांगठनिक गतिशीलतामा असर पारेको बताएका थिए । 'महाधिवेशनबारे अनेक भ्रम छरिएका छन् । यसले पार्टी पंक्तिमा अन्योल बढाएको छ ।

क्रमशः पृष्ठ २ मा

## दल नयाँ, रोग पुरानै

मानननीय मन्त्री रामेश्वर चौधरीमाथि गम्भीर प्रश्न उठेको थियो । उहाँलाई राजीनामा दिएर मार्गप्रशस्त गर्न निर्देशन दिएको थिएँ तर उहाँले मान्नुभएन । बिहीबार भने मन्त्रिपरिषद् हेरफेर भयो

■ **कमलबहादुर शाह**
मुख्यमन्त्री, सुदूरपश्चिम

सुदूरपश्चिममा मुख्यमन्त्रीले आफ्नो अधिकार प्रयोग गरेर हाम्रो पार्टीका मन्त्रीलाई हटाउनु भयो, त्यसमा आपत्ति छैन । ठीकै छ । अब हामी पनि संघ र प्रदेश सरकारहरूबाट बहिरिन्छौँ

■ **रञ्जिता श्रेष्ठ**
अध्यक्ष, नाउपा


अरुण चौधरी


लक्ष्मणकिशोर चौधरी


रामेश्वर चौधरी



■ **जेबी योञ्जन**

**काठमाडौं–** पश्चिम तराईदेखि गत आम चुनावमार्फत् राष्ट्रिय राजनीतिमा उदाउँदै नाम कमाएको दल हो नागरिक उन्मुक्ति पार्टी (नाउपा) । नयाँ दल भएपनि सरकारमा पुगेपछि नाउपाका मन्त्रीहरू पनि धमाधम भ्रष्टचार मुद्दामा तानिन थालेका छन् ।

थरुहट आन्दोलन र टीकापुर घटनाको जगमा स्थापित दल नाउपालाई पश्चिम तराईका जनताले चुनावमार्फत् वैकल्पिक शक्तिको रूपमा अघि सारेका थिए । तर पछिल्ला दिनमा भने नाउपाका मन्त्रीहरू भ्रष्टाचारमा मात्र अघि सरेको देखिन्छ ।

हालै नाउपाबाट वनमन्त्री भएका रामेश्वर चौधरीमाथि तीनवटा गम्भीर आरोप लाग्यो । पहिलो- बजेट बेचेको, दोस्रो- अनुदानमा दिइने पावरटिलरका लागि किसानबाट रकम असुलेको र तेस्रो- खप्तड पर्यटन विकास क्षेत्रको निर्देशकमा खेमराज जोशीलाई एक्लौटी नियुक्त गरेको । मन्त्री चौधरीलाई पहिलो र दोस्रो आरोपले बदनाम बनायो ।

यी तीन आरोपपछि मुख्यमन्त्री कमलबहादुर शाहले राजीनामा दिन निर्देशन दिए । मन्त्री चौधरी भने राजीनामा दिन तयार भएनन् । उनको दल नाउपाले मन्त्री चौधरीले कुनै गल्ती नगरेको दाबी गरे । मन्त्री चौधरीले उल्टै मन्त्रीबाट हटाउन मुख्यमन्त्री शाहलाई चुनौती दिए । अन्ततः बिहीबार मुख्यमन्त्री शाहले बर्खास्त गरे । मन्त्री चौधरीको बर्खास्तीसँगै सुदूरपश्चिम मन्त्रिपरिषद् नौ सदस्यीय भएको छ ।

'माननीय मन्त्री रामेश्वर चौधरीमाथि गम्भीर प्रश्न उठेको थियो । उहाँलाई राजीनामा दिएर मार्गप्रशस्त गर्न निर्देशन दिएको थिएँ तर उहाँले मान्नुभएन । बिहीबार भने मन्त्रिपरिषद् हेरफेर भयो । १० जनाको मन्त्रिपरिषद् थियो अब नौ जनाको भयो,' मुख्यमन्त्री शाहले प्रभावसँग भने ।

चौधरीको बर्खास्तीपछि वन मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री शाह स्वयंले लिएका छन् । यसअघि नाउपाबाट लक्ष्मणकिशोर चौधरी वनमन्त्री नै थिए । उनको त आर्थिक चलखेलको अडिओ नै सार्वजनिक भयो । यसबाट मन्त्री लक्ष्मणकिशोरमाथि राजीनामाको दबाब पर्‍यो । त्यसपछि मुख्यमन्त्री शाहको निर्देशनअनुसार लक्ष्मणकिशोरले पदबाट राजीनामा दिए । उनको राजीनामापछि नाउपालाई मन्त्री सिफारिस गर्नै मुश्किल परेको थियो । कतिसम्म भने नाउपाभित्र कसलाई मन्त्री बनाउने विषयलाई लिएर घरझगडा भयो ।

त्यहीबीच रामेश्वरलाई दलका नेता घनश्याम चौधरीले सरकारमा पठाएका थिए । गत जेठ ४ मा उनी मन्त्री नियुक्त भए ।

उनीभन्दा अघि संघ सरकारमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अरुण चौधरी लामो कानुनी झमेलामा परे । २०६६ सालको भदौमा कैलालीमै ट्याक्टरमा आगजनी गरेको र चालकलाई कुटपिट गरेको घटनामा जेलवास नै भयो । कैलाली २ बाट सांसद निर्वाचित अरुणका धन्न राष्ट्रपति दाहिना भए । कैद सजायमा आममाफी पाए । यद्यपि, फौजदारी कसुरमा अदालतबाट दोषी ठहरिएका चौधरी सांसद निर्वाचित हुँदा पार्टी आलोचित भएको थियो । यसपछि लगातार सुदूरपश्चिममा नाउपाबाट मन्त्री भएकाहरू गम्भीर आरोपमा मुछिए । मुख्ममन्त्री शाहले हटाउन बाध्य भए । यसबाट नाउपा भने रुष्ट भएको छ । पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठले संघ र प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिने बताइन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## विदेशी भूमिमा रहेका सबै नेपालीको स्वामित्व राज्यले लिनुपर्छः श्रममन्त्री

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले विदेशी भूमिमा रहेका नेपाली श्रमिकहरूको स्वामित्व राज्यले लिनुपर्ने बताएका छन् । बिहीबार ललितपुरमा पौरखी नेपालद्वारा आयोजित कार्यक्रम बोल्दै मन्त्री भण्डारीले जुनसुकै माध्यमबाट विदेशी भुमिमा काम गरीरहेका नेपालीहरूको राज्यले स्वामित्व लिनु पर्ने बताएका हुन् ।

'नेपाली कामदारहरू विभिन्न माध्यमबाट कामको लागि विदेशी भुमिमा पुगेका छन् । कतिपय ठगिएर पुगेका छन्, कतिपय औपचारिक माध्यमबाट गएर लुकेर लामो समय देखि कागजात बिहिन भएर बसेका छन्,' भण्डारीले भने, 'तिनीहरू सबैलाई कि त राज्यले नेपाली नै होइन भन्नु पर्यो, होइन भने स्वामित्व लिनुपर्छ ।'मन्त्री भण्डारीले गाउँ रित्तिएको, खाली भएको, गाँउमा बस्ने अवस्था नभएको, पलायनको नरोकिएको जस्ता विषयमा गम्भीरतापूर्वक समिक्षा हुनुपर्ने बताए ।

क्रमशः पृष्ठ २ मा

### प्रगतिशिल मञ्चको निर्वाचनका लागि प्रतिनिधि पठाउने म्याद थप

**काठमाडौं (प्रस)–** प्रगतिशिल वैदेशिक रोजगार व्यवसायी मञ्चले यहि साउन दुई गते हुने साधारणसभा तथा निर्वाचनका लागि प्रतिनिधि पठाउने म्याद थप गरेको छ । यस अघि सूचना जारी गर्दै मञ्चमा आवद्ध संस्थालाई निर्वाचनमा भाग लिनका लागि आसार १८ गतेभित्र कागजातसहित प्रतिनिधि पठाउने भनेको थियो । विहिवार मञ्चका अध्यक्ष जनक रावलले सूचनामार्फत उक्त म्याद सात दिनका लागि थप गरेको जनाएका छन् ।

मञ्चमा आवद्ध संस्थालाई प्रतिनिधि पठाएको निवेदन, इजाजतपत्र र शेयर लागत, प्रतिनिधिको नागरिकता र दुई प्रति पासपोर्ट साइजको फोटो र तोकिएको लेबी सहित उपस्थीत हुन भनिएको छ । यसका लागि मञ्चले सम्पर्क व्यक्ति समेततोकेको छ । मञ्चले प्रगतिशिल सोच बोकेका व्यवसायीहरूलाई स्वतस्फूर्त ढङ्गले सहभागिता जनाउन आग्रह गरेको छ । साथै मञ्चले आफ्नो कार्यालय सिनामंगल, गौशालाबाट सुकेधारा सरेको पनि जानकारी गराएको छ ।

## कम आय भएका मुलुकमा ६८५ अर्ब डलर रेमिट्यान्स भित्रियो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सन् २०२४मा न्यून र मध्य आय भएका मुलुकले ६८५ अर्ब डलर विप्रेषण (रेमिट्यान्स) भित्राएका छन् । यस्ता मुलुकबाट वैदेशिक रोजगारीका गएका २० करोड श्रमिकले उक्त परिमाणको रेमिट्यान्स आफ्नो मुलुकमा पठाएको'कन्टेक्स्ट'ले आफ्नो खोजमुलक सामग्रीमा प्रकाशन गरेको छ ।

उक्त रकम श्रमिकका परिवारका ८० करोड सदस्यमा पुगेको जनाइएको छ । यो रकम विकासशील मुलुकहरूलाई प्रदान गरिने आधिकारीक विकास सहायता र प्रत्यक्ष विदेशीलगानीभन्दा बढि भएको उक्त सामग्रीमा प्रकाशन गरिएको छ । रेमिट्यान्स वापतको एक तिहाइ रकम ग्रामीण भेगमा जाने गरेको पाइएको छ । यसले संकटको समयमा स्थानीय अर्थतन्त्र र परिवार कल्याणलाई सहयोग गर्दै भरपर्दो वित्तीय जीवनरेखाको रूपमा काम गरेकोबताइन्छ । रेमिट्यान्सलाई पैसा मात्र नभएर भविष्यको लगानी र ऐक्यबद्धताको अभिव्यक्ति भनिएको छ ।

अन्तर्राष्ट्रिय कृषि विकास कोष (आइएफएडि) को अनुसन्धानका अनुसार प्रति महिना औसत ३०० डलर प्राप्त गर्ने परिवारहरूले साना व्यवसाय, घरायसी सुधार, रस्मार्ट खेतीमा लगानी गर्ने गरेका छन् । ३० देशहरूमा रेमिट्यान्स प्रवाहले कुल ग्राईस्थ्य उत्पादनको १० प्रतिशत भन्दा बढी प्रतिनिधित्व गर्दछ । ४६ वटा देशहरूमा यसलाई बाह्य पूँजीको महत्वपूर्ण स्रोत मानिन्छ ।

अथाह मूल्यका बाबजुद रेमिट्यान्स प्रवाहले बढ्दो चुनौतीहरूको सामना गरिरहेको उल्लेख गरिएको छ ।

क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमश:

## दल नयाँ...

'सुदूरपश्चिममा मुख्यमन्त्रीले आफ्नो अधिकार प्रयोग गरेर हाम्रो पार्टीका मन्त्रीलाई हटाउनु भयो, त्यसमा आपत्ति छैन । ठीकै छ । अब हामी पनि संघ र प्रदेश सरकारहरूबाट बहिरिन्छौं,' उनले भनिन्, 'शुक्रबार नै समर्थन फिर्ता लिन्छौं ।' पार्टीका संरक्षक रेशम चौधरीले पनि सरकारबाट समर्थन फिर्ता लिने बताएका छन् । नाउपा अब प्रतिपक्षमा बस्ने बताए । 'अब हामी प्रतिपक्षमा बस्छौं । जेलबाट हुण्डी खाने सर्वहाराहरू सामाजिक सञ्जालमा कराउँदैछन्,' उनले मन्त्री चौधरीको बर्खास्तीपछि लेखेका छन् । उसो त रेशम र रञ्जिताको घरझगडाले पनि नाउपामा कलह मच्चिएको थियो ।

नाउपाका संघीय राज्यमन्त्री अरुणले पनि शुक्रबार नै राजीनामा दिने तयारी गरेका छन् । उसो त अरुणको राजीनामा र उनको दल नाउपाले लिने समर्थन फिर्ताले संघ र प्रदेश सरकार ढल्दैन । तर, सत्ता राजनीतिमा आएको केही वर्षमै नयाँ र विकल्पजस्ता लाग्ने दल नाउपा पुरानै दलझैं बदनामीको शिखरमा पुगेको छ ।

■■■

## कांग्रेसमा...

विधानअनुसार समयमै तयारी गर्न र पार्टीलाई गतिशील बनाउन १५ औं महाधिवेशनको कार्यतालिकासहित मिति घोषणा गर्न अब ढिलाइ गर्नु हुँदैन,' महरले भने ।सोही दिन संस्थापनइतरका नेता डा शेखर कोइरालाले महाधवेशन मंसिरमै हुनुपर्ने माग गरेका थिए । 'हामी अहिले महाधिवेशनको वर्षमा छौं । २०८२ सालको मंसिर महिनामै १५ औं महाधिवेशन गर्नुपर्छ भन्ने कुरामा म अहिले पनि दृढ छु,' कोइरालाले भनेका थिए ।

नेताहरूले प्रश्न उठाए झैं कांग्रेस महाधिवेशन गर्न सक्ने अवस्था छैन । कारण क्रियाशील सदस्य नवीकरण । कांग्रेस क्रियाशील सदस्यता विवादका कारण मिति घर्किसक्दा पनि नवीकरण हुनै सकेको छैन । विवाद सल्टाउन गत कात्तिकमा महामन्त्री गगन थापाको संयोजकत्त्वमा क्रियाशील व्यवस्थापन समिति गठन भएको थियो । पटकपटक म्याद थप्दा पनि जिल्लाले थापाको टिमलाई टेरेको छैन । सोमबारको केन्द्रीय समितिमा थापाले प्रस्तुत गरेको प्रतिवेदनअनुसार जम्मा ५ जिल्लाले मात्र क्रियाशील सदस्यता नवीकरण गरेको छ । बारा, डोल्पा र मुस्ताङका जिल्ला सभापतिहरूले फाराम नै बुझेका छैनन् । ३३ जिल्लामा बल्ल वडामा पुगेको छ क्रियाशील सदस्यता विवरण ।

पार्टीका केन्द्रीय सदस्य अजयबाबु शिवाकोटी मंसिरमै महाधिवेशन माग्नु सार्वजनिक खपतभन्दा अरु विषय नभएको बताउँछन् । महासमिति बैठकअघि महामन्त्री थापाले कार्यतालिका पेश गरेर महाधिवशेन सुनिश्चित गर्न खोज्दा उक्त कार्यतालिका नै गायब पारिएको शिवाकोटीले तर्क गरे । ' विडम्बना त्यो कार्यतालिका नै पछि गायब भयो । डेढ वर्षअघि २०८२ मंसिरमा महाधिवेशन सुनिश्चित गर्न ल्याइएको त्यो कार्यतालिकाको समर्थन गर्न नसकेका हामीहरूले अब सोहि मितिमा महाधिवेशन गर्न कार्यतालिका ल्याउनु भन्नु सार्वजनिक खपतभन्दा अरु होइन भनेर कसरी विश्वासमा पर्नु ?' बिहीबारको केन्द्रीय समितिमा शिवाकोटीले प्रश्न गरे ।

शिवाकोटीले पार्टीमा सुशासनको कुरै नभएको नेतृत्वलाई जवाफदेही बनाउन नसकिएको टिप्पणी गरे । 'सुशासन, सेवा प्रवाहको कुरा हामीले धेरै सुन्दै आएका छौं । तर यो कुरा पार्टीमा पनि लागू हुनुपर्ने होलानी? विधानत तोकिएको जिम्मेवारी पुरा गर्न नसक्दा सम्वन्धित तहका नेतृत्वलाई जवाफदेही पनि बनाउनु पर्ने होलानी । सक्रिय सदस्यताको बिषयमा ३३ वटा परिपत्र पठाउँदा पनि मातहतका तहले समयमा काम गर्दैनन भने त्यसको जवाफदेही को हुने ? पार्टी महाधिवेशनको तयारीमा जुट्नुपर्ने बेला अझै सक्रिय सदस्यताको विषय टुंगिन सकेको छैन । सक्रिय सदस्यता नवीकरणको टुंगो लगाउने विषय अनुशासन समितिमा परेका उजुरीसँग पनि जोडिएको छ । अनि अनुशासन समितिमा परेका उजुरी टुंगिने कहिले हो ? अनि नयाँ सदस्यता वितरण कहिलेबाट ?'

कांग्रेसको जारी केन्द्रीय समिति बैठकमा संस्थापन पक्ष हाबी हुँदा प्रश्न गर्नेहरूलाई नियन्त्रण गर्न माग गरेका छन् । 'हाम्रो पार्टीमा अनुशासन भएन । संसदमा र बाहिर रहेका साथीहरूले आफूलाई जे मनमा आयो त्यही बोल्ने काम भयो । व्यक्तिवादी प्रवृत्ति बढी भयो । अनुशासन पार्टीमा कायम गर्नुपर्छ भन्नेकुरा आएको छ,' बैठकपछि प्रवक्ता डा प्रकाशशरण महतले भने ।

सत्तामा रहेका केन्द्रीय सदस्यहरूले गठबन्धनको विकल्प नखोज्न आग्रह गरे । गृहमन्त्रीसमेत रहेका केन्द्रीय सदस्य रमेश लेखकले यो गठबन्धनको विकल्प नखोज्न आग्रह गरे । 'गठबन्धनलाई राम्रोसँग हिँडाएर कांग्रेसको हितमा जान सक्ने किसिमले काम गरिरहेका छौं । अरू राजनीतिक दलहरूलाई पनि समेटेर अहिलेको सरकारलाई निरन्तरता दिन उपयुक्त हुन्छ। अहिले अर्को विकल्पमा कुरा गर्न थाल्यौ भने गन्तव्यमा पुग्दैनौं । कांग्रेसलाई ठिक हुँदैन,' लेखकले भने ।

कांग्रेस प्रवक्ता डा महतले पनि गठबन्धनको विकल्प नरहेको बताए । 'गठबन्धनको बारेमा त समग्रमा अब धेरै विकल्प हामीसँग छैन । कसैको बहुमत छैन । विभिन्न खाले परीक्षण भइसक्यो सत्ता समीकरणको । गठबन्धन भन्ने बित्तिकै सबैकुरा आफूले भनेको जस्तो हुँदैन । त्यो कुरा साथीहरूले बुझ्नुभएको छ,' महतले भने, ' यद्यपि कतिपय साथीहरूको गुनासो छ । तथापि गठबन्धनका विषयमा फेरि प्रतिकूल विचार केही आएको छैन । डेलिभरी अझ राम्रो हुनुपर्छ, पार्टीबाट गएका मन्त्रीहरूले राम्रो काम गर्नुपर्छ भन्ने छ ।'

■■■

## विनोद ...

यस खालका हाइपर सोनिक मानिसले ल्याएको टिकटले बमको जस्तै काम गर्ने र त्यसपछि जिल्लाका कार्यकर्ताहरू हाहाकार मच्चिने कोइरालाको भनाइ थियो । यस्तो प्रवृत्तिको अब अन्त्य हुनुपर्ने उनको भनाई थियो । चौधरी केन्द्रीय सदस्यमा निर्वाचित भएको विषयमा सोमबारको बैठकमा संस्थापनइतरका नेता डा शेखर कोइरालालेप्रश्नगरेकाथिए।जवाफमा मंगलबार चौधरीले आफूलाई शेखरले चुनावमै रोक्न खोजेको आरोप लगाएका थिए ।

■■■

## विदेशी भूमिमा...

'गाँउबाट मान्छे मात्रै पलायन भएका छैनन्,'गाँउमा भएका सानोतिनो पुँजी पनि पलायन हुँदा झन् रोजगारीको अभाव सृजना भएको हो ।' उनले नेपालको श्रम तथा रोजगारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि सबै पक्ष इमान्दार भएर लाग्नुको विकल्प नहरेको जिकिर गर्दै यसलाई व्यवस्थापन गर्न ढिलासुस्ती गर्न नहुने बताए ।

मन्त्री भण्डारीले वैदेशिक रोजगारीमा जानेहरूलाई श्रम स्वीकृति दिनु भन्दा श्रम अनुमति दिनु पर्ने बताए । उनले भने, 'श्रम स्वीकृति त गन्तव्य देशले जारी गर्ने हो, हामीले त काम गर्न जाने श्रमिकलाई श्रम अनुमति उपलब्ध गराउनु पर्छ । काम गर्न जाने कामदार तयार छन्, कामका लागि लैजाने मुलुक तयार छन् । अनि हामीले रोकेर रोकिन्छ ?' उनले अहिले वैदेशिक रोजगारको नाममा एक नेपालीले अर्को नेपालीलाई ठग्ने गरेको घटनाहरू प्रति चिन्ता व्यक्त गर्दै यस्ता ठग, बिचौलिया र एजेन्टहरूलाई तह लगाउन एकद्धार प्रणाली मार्फत श्रम क्षेत्रको सबै सेवा प्रदान गर्न मन्त्रालयले कडा मिहनेत गरी रहेको जानकारी गराए ।

■■■

## २०२४मा कम...

विप्रेषण आप्रवाहमा नयाँ प्रस्तावित करदेखि नियामक अवरोधहरूका कारण आप्रवासीहरूलाई आफ्नो परिवारको पालनपोषण गाह्रो र महँगो बनाउन सक्ने जनाइएको छ । राज्य र विकास साझेदारहरूले विविध वित्तीय सेवाहरूमा पहुँच बढाएर रेमिट्यान्स प्रवाहलाई सुरक्षित बनाउँदै बढाउन मद्दत गर्न सक्ने सुझाव दिएको छ ।यसका लागि विप्रेषणको लेनदेनको लागत घटाउने, सेवा प्रदायकहरूबिचको प्रतिस्पर्धालाई बृद्धि गर्ने र नवीनतालाई प्रोत्साहन गर्ने नीति अबलम्बन गर्नपर्ने आवश्यकता औंल्याइएको छ । डिजिटल प्रविधिको प्रयोगले मात्र प्रत्येक वर्ष यसवापतको१८ अर्ब डलर बचत गर्न सक्ने भनिएको छ ।

आइएफएडिले नेपाल लगायत अल्पविकसीत र विकासशील मुलुकमा रोजगारीबाट फर्किएकाको ज्ञान, सीप र पुँजिको कसरी सदुपयोग गर्ने भनेर वित्तिय साक्षरता र उद्यमशिलता तालिम समेत दिइँदै आएको छ । नेपालमा प्रत्येक वर्ष वैदेशिक रोजगारीबाट १४ खर्बको हाराहारीमा रेमिट्यान्स भित्रँदै आएको छ । चालु आर्थिक वर्षको १० महिनामा १३ खर्ब ५६ अर्ब विप्रेषण भित्रिएको छ । यसले मुलुकको अर्थतन्त्रको करिव ३० प्रतिशत हिस्सा ओगटेको बताइन्छ । विभिन्न सरकारी अध्ययनका अनुसार यसको ७० प्रतिशतभन्दा बढि रकम जिविकोपार्जनमै खपत हुने गरेको छ । ३० प्रतिशतभन्दा बढि परिवार रेमिट्यान्समै पूर्ण निर्भर रहेको पाइएको छ ।

### मोटरसाइकल हराएको सूचना

**प्रकाशित मिति : २०८२/०३/२०**

यही मिति २०८२ जेष्ठ २८ गते का.म.न.पा १५ वडेगाल सडक पेटीमा पार्किङ्ग गरी राखिएको खरानी रङ्गको Honda Dio 109cc को बागमती प्रदेश ०२-०५५ प ४४६० नम्बरको इन्जिन नं. JF39ED1101873 र च्यासिस नं. ME4JF39LMRD020889 को मोटरसाइकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालयमा वा फोन नं. ९८६९६२९१७४ मा सम्पर्क गरी सहयोग गरीदिनु हुन अनुरोध गरिन्छ ।

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०६/१० मा दर्ता भएको **प्रा.लि.नं. १९९५५४** को **चन्द्र सूर्य होल्डिङ्ग प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०३/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### गोलिया काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८२/०३/२० गते**

मिति २०८२/०२/२८ गते प्रकाशित १८५६.९५ क्यु.फि. काठ र १.५ चट्टा दाउराको लिलाम सूचनामा आवश्यक बोलपत्र पेश नभएको हुँदा यो सूचना प्रकाशित मितिले १५ दिन भित्रमा बोलपत्र फारम खरिद गरी यसै कार्यालयमा १६ औं दिन दिउसो १:०० बजेभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न सूचित गरिन्छ ।

**डिभिजन वन कार्यालय, ललितपुर**

### कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **JOB SEEKER MANPOWER PVT. LTD.** इजाजत नम्बर १००९/०६८/६९ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| SN | NAME | CITIZENSHIP NO. | POSITION |
|---|---|---|---|
| 1 | Anita Adhikari | 25-01-73-05500 | Documentation |
| 2 | Saradha Sapkota | 362005-5038 | Accountant |
| 3 | Yasodha Khatiwada | 251038-192 | Office Clerk |
| 4 | Darshana Gharti Magar | 74-01-77-01353 | Documentation |
| 5 | Punita Ghimire | 422063/632 | Receptionist |
| 6 | Raj Kumar Nepal | 2081/39769 | Data Entry |

**JOB SEEKER MANPOWER PVT. LTD.**
LIC. 1009/068/69
Tokha-11, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np


### साउदीमा रोजगार
कम्पनी : Modern Hamal Restaurant For Catering
पूर्व स्वीकृति मिति : २०८२/०३/१९ LT. No. 326665 चलानी नं. ६०२४०६०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1000 | ३६,४४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २७ गते (11th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.** Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

### साउदीमा रोजगार
कम्पनी : Ali Al-Qarni Al-Rizqi Contracting Company
पूर्व स्वीकृति मिति : २०८२/०३/१९ LT. No. 326593 चलानी नं. ६०२४०५७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Load unload Worker | 6 | 0 | 1000 | ३६,४५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २७ गते (11th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**WORKFORCE SERVICES PVT. LTD.** श्रम इजाजत नं. १७२/०५६/५७
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np

### कतारमा रोजगार
कम्पनी : ALOFOQ ALARABIAH GROUP
पूर्व स्वीकृति मिति : २०८२/०३/१९ LT. No. 326627 चलानी नं. ६०२४०५८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | plumber | 5 | 0 | 1200 | ४५,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | carpenter | 5 | 0 | 1200 | ४५,१३० | | | | | | | |
| 3 | plaster worker | 5 | 0 | 1200 | ४५,१३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २७ गते (11th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

### साउदीमा रोजगार
कम्पनी : Bayadz Contracting Company
पूर्व स्वीकृति मिति : २०८२/०३/१९ LT. No. 326663 चलानी नं. ६०२४०५८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४३,७३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrical Technicians | 1 | 0 | 1200 | ४३,७३९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २७ गते (11th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

### युएईमा रोजगार
कम्पनी : China Nuclear Industry 22nd Construction
पूर्व स्वीकृति मिति : २०८१/०८/१२ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१९ LT. No. 314472 चलानी नं. ६०२२८७८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A.C. Technician Assistant | 10 | 0 | 1000 | ३७,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assitant To Electrician | 10 | 0 | 1000 | ३७,२१५ | | | | | | | |
| 3 | Building Labour | 16 | 0 | 1000 | ३७,२१५ | | | | | | | |
| 4 | Building Painter (Wall Painter) | 5 | 0 | 1200 | ४४,६५५ | | | | | | | |
| 5 | Buildings Painter Assistant | 10 | 0 | 1000 | ३७,२१५ | | | | | | | |
| 6 | Electrician, Electic Tech. | 10 | 0 | 1200 | ४४,६५५ | | | | | | | |
| 7 | Pipe Fitter | 6 | 0 | 1200 | ४४,६५५ | | | | | | | |
| 8 | Plumber | 5 | 0 | 1200 | ४४,६५५ | | | | | | | |
| 9 | Stockers/clearks | 6 | 0 | 1200 | ४४,६५५ | | | | | | | |
| 10 | Telecom Labour | 9 | 0 | 1000 | ३७,२१५ | | | | | | | |
| 11 | Tile Layer Assistant | 6 | 0 | 1000 | ३७,२१५ | | | | | | | |
| 12 | Tile Layer | 7 | 0 | 1200 | ४४,६५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २७ गते (11th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम इजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शुक्रबार, २० असार, २०८२

| | |
|---|---|
| **मेष** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृष** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **मिथुन** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **कर्कट** | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **सिंह** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **कन्या** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **तुला** | सोचेको उपलब्धि तत्काल प्राप्तनहुने । |
| **वृश्चिक** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **धनु** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **मकर** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **कुम्भ** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **मीन** | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२० असार , २०८२ (०४ जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.८३ | १३७.४३ |
| युरो | १ को | १६०.९५ | १६१.६६ |
| पाउन्ड स्टिर्लङ | १ को | १८७.५३ | १८८.३५ |
| स्विस फ्रैन्क | १ को | १७२.६१ | १७३.३७ |
| अस्ट्रेलियन डलर | १ को | ८९.८४ | ९०.२४ |
| क्यानाडियन डलर | १ को | १००.३१ | १००.७५ |
| सिङ्गापुर डलर | १ को | १०७.४५ | १०७.९२ |
| जापानी येन | १० को | ९.५० | ९.५५ |
| चिनियाँ युआन | १ को | १९.०९ | १९.१७ |
| साउदी अरब रियाल | १ को | ३६.४९ | ३६.६५ |
| कतारी रियाल | १ को | ३७.५४ | ३७.७१ |
| थाई भाट | ख १ को | ४.२२ | ४.२४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.२५ | ३७.४२ |
| मलेसियन रिङेट | १ को | ३२.३६ | ३२.५० |
| दक्षिण कोरियन वन | १०० को | १०.०७ | १०.११ |
| स्विडिस क्रोनर | १ को | १४.३८ | १४.४४ |
| डेनिस क्रोनर | १ को | २१.५७ | २१.६७ |
| हङकङ डलर | १ को | १७.४३ | १७.५१ |
| कुवेती दिनार | १ को | ४४८.३१ | ४५०.२८ |
| बहराइन दिनार | १ को | ३६२.९८ | ३६४.५७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# 'तामाङ पदमार्ग'को विकास र प्रवर्द्धनमा जोड

## सांस्कृतिक पर्यटनका लागि आकर्षक गन्तव्य बन्न सक्ने भनाइ

■ विविशा पौडेल



**काठमाडौं–** प्रस्तावित तामाङ पदमार्गले रोजगारी सिर्जनासँगै अन्य आर्थिक गतिविधि बढाउन महत्त्वपूर्ण भूमिका खेल्ने भन्दै यसको प्रवर्द्धनमा जोड दिइएको छ । कोञ्ज्योसोम धार्मिक पर्यटन विकास समितिले बिहीबार नेपाल पर्यटन बोर्डमा आयोजना गरेको तामाङ पदमार्गसम्बन्धी अन्तर्क्रियामा सहभागीहरूले उक्त पदमार्ग विकासमा जोड दिएका हुन् । उनीहरूले संस्कृतिप्रेमी पर्यटकहरूका लागि यो पदमार्ग आकर्षक गन्तव्य बन्न सक्ने विश्वास व्यक्त गरेका छन् ।

ललितपुरको कोञ्ज्योसोम र महाँकाल गाउँपालिका तथा काभ्रेको बेथानचोक गाउँपालिकाभित्र पर्ने तामाङ सभ्यताको ऐतिहासिक थलोहरूलाई समेटेर 'तामाङ पदमार्ग' विकास गर्न लागिएको समितिले जानकारी दिएको छ । उक्त पदमार्गको अध्ययनका लागि सरोकारवालाहरूको सुझाव लिन अन्तर्क्रिया गरिएको समितिका अध्यक्ष गोपीलाल सिङ्तानले बताए ।

'सम्पदामा हिडौं, संस्कृतिमा बाँचौं' भन्ने मूल नाराका साथ उक्त पदमार्ग विकास गर्न थालिएको उनको भनाइ छ । 'रोजगारीको हिसाबले र पहिचानको हिसाबले यो विश्वमै परिचित हुने विश्वास छ,' अध्यक्ष सिङ्तानले भने । कार्यक्रममा नेकपा माओवादी केन्द्रका महासचिव तथा पूर्वअर्थमन्त्री वर्षमान पुनले अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने पाँचवटा क्षेत्रहरूमध्ये पर्यटन पहिलो रहेको बताए । 'रोजगारी सिर्जनाको कोणबाट अर्थतन्त्रलाई चलायमान र गतिशील बनाई देशलाई समृद्ध बनाउन महत्त्वपूर्ण योगदान गरेको छ । यो तामाङ पदमार्ग सांस्कृतिक पर्यटन प्रवर्द्धनमा प्रभावकारी बन्ने छ,' उनले भने ।

तामाङ बाहुल्यता भएको क्षेत्रमा तामाङ भाषाबाट नै गाउँपालिकाको नाम राखेर समुदायको पहिचान स्थापित गरेकोमा उनले खुसी व्यक्त गरे । 'तामाङ पदमार्गले रोजगार तथा व्यापार प्रवर्द्धन गरी आयआर्जनको नयाँ अवसर सिर्जना गर्ने देखिन्छ,' पूर्वअर्थमन्त्री पुनले भने ।

नेपाल पर्यटन बोर्डका उपाध्यक्ष कमल सापकोटाले यस्तो मार्ग पर्यटनका क्षेत्रमा नयाँ ट्रेण्डका रूपमा रहेको बताए । 'तामाङ आफैंमा रहनसहन, भेषभूषा, खानपानको हिसाबले सम्पन्न समुदाय हो । सम्पदा मार्गको विकासले देशकै पर्यटन विकासमा योगदान गर्छ । यसलाई अगाडि बढाउन पर्यटन बोर्डले पनि सहयोग गर्ने छ,' उनले भने ।

अभियन्ता मिलन तामाङले कार्यक्रममा तामाङ पदमार्गको अध्ययनबारे जानकारी दिएका थिए । 'हामीले कोञ्ज्योसोमको भारदेउबाट महाँकाल गाउँपालिकाको बतासेसम्म अध्ययन गरेका थियौं । १३ किलोमिटर लामो पदमार्ग उपत्यकाबाट एक घण्टाको दूरीमा सजिलै पुग्न सक्ने पहुँच रहेको छ,' उनले भने, ' यो पदमार्ग ललितपुरको कोञ्ज्योसोम गाउँपालिका र महाँकाल गाउँपालिका तथा काभ्रेको बेथानचोक गाउँपालिका र पनौती नगरपालिकाको बीचमा रहेको ऐतिहासिक वनजंगलको बीचबाट जाने प्राकृतिकमार्ग रहेको छ ।'

तामाङ समुदायको सांस्कृतिक सम्पदा झल्काउने नाम र मार्गका रूपमा यसलाई विकास गरिने उनले बताए । यो पदमार्गबाट लाङटाङ, जुगल र गौरीशंकर हिमशृंखलाको मनोरम दृश्यसमेत अवलोकन गर्न सकिने बताइएको छ । तामाङ पदमार्ग नामकरण गर्नुको कारण तामाङ परम्परा, संस्कृति झल्किने, इतिहास र कथाहरू मेल खाने, पर्यटन बजारमा आकर्षण र सजिलै सम्झनयोग्य नाम र सांस्कृतिक अनुभवका लागि उपयुक्त भएको अभियन्ता तामाङको भनाइ छ ।

यस पदमार्गको विकासका लागि तीन वर्षे योजना अघि सारिएको छ । पहिलो वर्ष योजना, डिजाइन, प्रारम्भिक पूर्वाधार, जानकारी बोर्ड, बाटो मर्मत, जनचेतना, प्रचार सुरुआत र टोलसँग समन्वय गर्ने बताइएको छ । दोस्रो वर्षमा होमस्टे सुधार, फोहोर व्यवस्थापन, गाइड (पथप्रदर्शक) तालिम दिने तथा तेस्रो वर्ष प्रचारप्रसार, थप होमस्टे विकास, क्युआर कोडमा जानकारीसहितको बोर्ड, समुदाय व्यवस्थापन समितिलगायत नयाँ कार्यक्रमहरू सञ्चालन गर्ने योजना रहेको कार्यक्रममा जानकारी दिइयो ।

यो पदमार्ग विकासमा पूर्वाधारको कमी, मार्गचिह्न र सूचना अभाव, प्रचारप्रसारको अभाव, फोहोर व्यवस्थापन, वन्यजन्तुको जोखिम, स्थानीय जनचेतनाको कमी, समुदायको सहभागिता, दक्ष जनशक्तिको अभावजस्ता चुनौतीहरू रहेको समितिले जानकारी दिएको छ ।

> तामाङ समुदायको सांस्कृतिक सम्पदा झल्काउने नाम र मार्गका रूपमा यसलाई विकास गरिने उनले बताए । यो पदमार्गबाट लाङटाङ, जुगल र गौरीशंकर हिमशृंखलाको मनोरम दृश्यसमेत अवलोकन गर्न सकिने बताइएको छ । तामाङ पदमार्ग नामकरण गर्नुको कारण तामाङ परम्परा, संस्कृति झल्किने, इतिहास र कथाहरु मेल खाने, पर्यटन बजारमा आकर्षण र सजिलै सम्झनयोग्य नाम र सांस्कृतिक अनुभवका लागि उपयुक्त छ ।

# बारपाकको दलित बस्ती
# घर २१, शौचालय एक

■ प्रतीक्षा आले



**गोरखा–** दिपासा विक (१८ महिने सुत्केरी) हरेक दिन बिहानको ३-४ बजे हातमा लोटा लिएर घरमाथिको शौचालय पुग्छिन् । ३० वर्षकी उनीसँगै छरछिमेकका अन्य छोरी बुहारीहरू कोही एकाबिहानै र कोही मध्यरातमा शौचालय धाउँछन् । बारपाक सुलिकोट गाउँपालिका वडा नं-२ दलितबस्तीका महिलाहरू यसरी मध्यरातमा शौचालय धाउनुपर्ने कारणचाहिँ, 'घरधुरी २१, शौचालय एक' भएर हो ।

तुलनात्मक रूपमा सम्पन्न बारपाकको पुछारमा रहेको दलितबस्ती सबै हिसाबले पिछडिएको छ । २०७२ सालको विनासकारी भूकम्प गएको १० वर्ष बितिसक्दा पनि यहाँका बासिन्दा अझै त्रिपालभित्र बस्न विवश छन् । दलितबस्तीको मुख्य समस्या शौचालय हो । २१ घरधुरी रहेको दलितबस्तीमा जम्मा एउटा शौचालय छ । त्यो पनि जीर्ण । राम्रोसँग ढोका पनि नलाग्ने ।

सिंगो दलितबस्तीलाई शौचालयको समस्याले पिरोलेको दिपासा गुनासो गर्छिन् । 'सरकारले हामीलाई घर बनाइदिन्छौं, जग्गा दिन्छौं भनेर १० वर्षअघि यहाँ ल्यायो । हामीले हाम्रो पुरानो घरघडेरीको लालपुर्जा पनि सरकारलाई दिइसक्यौं तर, के गर्नु अहिलेसम्म घर त के, गतिलो शौचालयसमेत बनाउन सकेका छैनौं,' उनले भने, 'हामी अहिले सरकारी जग्गामा बस्दै आएका छौं । आफ्नो हिसाबले शौचालय बनाउन पनि सक्दैनौं ।'

शौचालय नहुँदा विशेषगरी यहाँका महिला तथा किशोरीहरू समस्यामा छन् । १६ वर्षकी अर्की किशोरी अमृता विकले घरैपिच्छे शौचालय नहुँदा धेरै दु:ख सहनुपरेको गुनासो गरिन् । उनी भन्छिन्, 'सबैभन्दा धेरै समस्या महिनावारीको समयमा हुन्छ । एउटामात्र शौचालय छ, बिहान बेलुका घुँइचो लाग्छ । राति पनि जाँडरक्सी खाएका केटाहरूले धेरै फोहोर गर्दिन्छन् ।' व्यवस्थित शौचालय नहुँदा बस्तीका मानिसले खुला दिसापिसाव गर्न बाध्य रहेको उनको भनाइ छ ।

२१ घरधुरीका ५० भन्दा धेरै व्यक्तिले एउटै शौचालय प्रयोग गर्दा बस्तीमा बेलाबखत सरुवा रोगसमेत फैलिने गरेको छ । स्थानीय मंगलबहादुर सुनारका अनुसार बस्तीमा हैजा, ज्वरो, झाडापखाला, रुघाखोकीलगायतका सरुवा रोगहरू फैलिरहन्छ । 'यहाँ त सबैलाई कोरोना आए कोरोना, भाइरल ज्वरो आए भाइरल ज्वरो, डेंगी आए सबैलाई डेंगी हुने हो,' उनले भने, 'सबैले एउटै शौचालय प्रयोग गर्दा गर्मी समयमा सजिलै रोग फैलन्छ ।' उनका अनुसार कोभिड महामारीको समयमा मात्र बस्तीका पाँच जनाको मृत्यु भएको थियो ।

आफूहरू फोहोरमैलामा बसेका कारण सामाजिकरूपमा अपहेलित हुनुपरेको अर्की स्थानीय ५७ वर्षकी मैती सुनार बताउँछिन् । उनी भन्छिन्, 'भेदभाव किन नहोस्, सबैको ठूलठूला महल छन्, सफा आँगन ट्वाइलेट छ । हामी भने यस्तो फोहोरमा बस्छौं । हेलाहोचो भइहाल्छ नि ।' बारपाकको सौन्दर्यमा मन्त्रमुग्ध हुने जो कोहीले त्यही मुनि खोल्साको छेउको दलित बस्तीमा भने नजर लाउन छुटाइरहेका हुन्छन् ।

२०७२ साल वैशाख १२ गते ११:५६ बजे बारपाक केन्द्रबिन्दु भएर गएको ७.८ रेक्टरको भूकम्पले यहाँका ११०० घरधुरी क्षणभरमै ढले । गाउँका ७२ जनाको मृत्यु भयो । बाँचेकाहरू पनि महिना दिनसम्म चौरमा, बारीका गरामा बास बसे । डाँडागाउँ, गैरीगाउँ, कोटडाँडा टोलका ४१ घरधुरी विक समुदाय कृषि र पशु कार्यालयको नाउँमा रहेको जग्गामा आएर अस्थायी टहरो बनाएर बसे । १४ घरधुरी फेरि आ-आफ्नै थातथलोमा फर्किए ।

डाँडागाउँ, गैरीगाउँ टोलका २७ घरधुरीको पुरानो थलो पहिरिएर राङरुङखोलासम्म पुग्यो । फर्किन सक्ने अवस्था नभएपछि उनीहरूले आफ्नो घरघडेरीको लालपुर्जा सरकारलाई बुझाए र सट्टापट्टा गरी सोही सरकारी जग्गा आफ्नो नाउँमा ल्याउन पहल थाले । पहल गरेको १० वर्ष बितिसक्दा पनि अझै सफल हुन सकेका छैनन् । राज्यको हरेक निकायमा दलित, भूमिहीन समुदायलाई प्राथमिकतामा राखेर सेवा सुविधा दिइन्छ, तर भूकम्पको केन्द्रबिन्दु बारपाककै दलित समुदायको भने भूकम्प गएको पहिलो दिनदेखि १० वर्ष बितिसक्दासम्म टहरोकै बास छ ।

यहाँका दलित समुदायका अगुवा सुकबहादुर विक दलित समुदायलाई बास माग्दै ८६ पटक सिंहदरबार धाएको बताउँछन् । 'मैले बुझेअनुसार हामीलाई अन्याय भएको राजनीतिक प्रतिशोधले हो,' उनी भन्छन्, 'यो दलित बस्तीलाई पुनर्स्थापना गर्ने लडाइँ १० वर्ष भइसक्यो, प्रगति छैन । *रासस*

# लामखुट्टे नष्ट गर्न १० करोड बजेट

कीर्तिपुर- इपिडियमोलोजी तथा रोग नियन्त्रण महाशाखाले अबका चार महिना डेङ्गु सङ्क्रमणको सर्वाधिक जोखिमयुक्त समय भएकोले सतर्क रहन आग्रह गरेको छ । यसवर्ष करिब ६० हजार जना डेङ्गु रोगबाट सङ्क्रमित हुनसक्ने अनुमान महाशाखाको छ । महाशाखाद्वारा आयोजित अन्तक्रियामा विज्ञहरूले डेङ्गुबाट हुने मानवीय क्षति रोक्न लामुखुट्टेको प्रजनन प्रणाली नष्ट गर्ने सर्वाधिक सरल र प्रभावकारी उपाय भएको बताए ।

कीटजन्य रोग शाखाका प्रमुख डा गोकर्ण दाहालले डेङ्गु सार्ने प्रजातिको लामखुट्टे नष्ट गर्नका लागि चार महिना भन्दा बढी समय लामखुट्टेको लार्भा र फूल समेतलाई नष्ट गर्ने अभियान चलाउनुपर्ने जानकारी दिए । 'झुल, धुप वा लामखुट्टे भगाउने अन्य औषधिले घरभित्र काम गरे पनि घर बाहिर निस्किेको बेला भाइरसयुक्त लामुखेट्टले टोकेर सारिदिन सक्छ । त्यसैले स्थानीय पालिकाहरूको समयन्वयमा त्यस्ता लामखुट्टेको फुलसहित सबै चक्र नष्ट गरिदिनुपछ', दाहालको भनाइ थियो ।

| १. | रा./१२/०८१/०८२ | बहाल बिटौरी शुल्क | साप्ताहिक आम्बारी हाटबजार, उर्लाबारी-८ | १०,०००।० | ५००। | १,००० | सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयसम्म । | सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा १२ बजे सम्म | सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा २ बजे |
| २. | रा./१३/०८१/०८२ | जडीबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक उपयोग कर संकलन । | उर्लाबारी नगर क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापतको कर । | १०,४८,५००। | न्यूनतम ठेक्का अंकको ५ प्रतिशत | १,००० | | | |

**नोटः**

१) अन्य विस्तृत जानकारी र शर्तहरूका सम्बन्धमा यस न.पा. कार्यालयको सूचना पाटि, नगरपालिकाको बेबसाईट www.urlabarimun.gov.np मा वा कार्यालय समयमा न.पा. को राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक

रूपशाला

## 'रामायणम्' को टिजर सार्वजनिक

रणवीर कपूरको फिल्म 'रामायण'को पहिलो टिजर सार्वजनिक भएको छ। निर्माताले वर्ल्ड अफ रामायण नामक युट्युब च्यानलमार्फत आज टिजर सार्वजनिक गरेको हो। टिजरमा रणवीर कपूरलाई भगवान राम र रकिङ स्टार यशलाई रावणको रूपमा देख्न सकिन्छ। ए आर रहमानको संगीतबाट सुरू हुने ३ मिनेट ८ सेकेन्डको टिजरमा फिल्मका दृश्यहरू खासै राखिएका छैनन्। भीएफएक्समार्फत पात्रहरूको लुक्स मात्र देखाइएको छ।




शुक्रबार, २० असार, २०८२ (Friday, July 04, 2025)

# 'रियाल रिङ्गेट'को दोस्रो गीत 'तिम्रा बाले ज्वाइँ खोजे'

■ प्रभाव संवाददाता



**काठमाडौं–** चलचित्र 'रियाल रिङ्गेट'को दोस्रो गीत 'तिम्रा बाले ज्वाइँ खोजे' बिहीबार सार्वजनिक गरिएको छ। वैदेशिक रोजगारी विषयवस्तु बनेको फिल्मको गीतमा पनि प्रेम र वैदेशिक रोजगारी रोचक ढङ्गले प्रस्तुत गरिएको छ।

रामचन्द्र काफ्ले र जुनू रिजाल काफ्लेको स्वर रहेको गीतका शब्द प्रदीप भारद्वाजको भने संगीत रामचन्द्र काफ्लेको छ।गीतमा अभिनेता प्रमोद चौलागाईं र अभिनेत्री निता अधिकारीको अभिनय देख्न सकिन्छ। गीतको बोलले नै केटी पक्षबाट ज्वाइँको रूपमा विदेशमा कमाउने केटाको अपेक्षा रहेको स्पष्ट पार्छ। गीतले प्रमोद र निता दुवैका पात्रहरूको पृष्ठभूमि र उनीहरूको सम्बन्धलाई प्रारम्भिक रूपमा दर्शकमाझ परिचित गराउन मद्दत पुऱ्याएको छ।

गीतले नेपाली समाजमा वैदेशिक रोजगारीले सिर्जना गरेको आर्थिक र सामाजिक प्रभाव पनि झल्काउन खोजेको छ। चलचित्रको निर्देशन विभोर पोखरेलले गरेका हुन्। फिल्मले वैदेशिक रोजगारीमा गएका नेपाली युवायुवतीहरूले भोग्नुपर्ने यथार्थ र उनीहरूको जीवनशैलीलाई नजिकबाट चित्रण गर्ने उनले बताए। चलचित्रमा प्रमोद चौलागाईं र निता ढुङ्गानाका साथै छुल्ठिम डोल्मा गुरुङ, रवीन्द्र खड्का, ध्रुव कोइराला, प्रेम सुब्बा, रामचन्द्र अधिकारी, रियर राई, रोशन श्रेष्ठ, ईश्वरी बराल, विमला गिरी लगायतका कलाकारहरूको अभिनय छ।

प्रदीप भारद्वाजको लेखन रहेको फिल्ममा रोशन श्रेष्ठको द्वन्द्व , हरि घलेको छायाङ्कन, विपिन मल्लको सम्पादन र राजीव समरको कोरियोग्राफी छ। चलचित्रमा रामचन्द्र काफ्ले, किरण तुलाधर र चन्दन ध्वज केसीको सङ्गीत रहेको फिल्म 'रियाल रिङ्गेट' को छायाङ्कन भारतको राजस्थान, नेपालका चितवन, काठमाडौं र लेटाङमा गरिएको हो। चलचित्रलाई काफिया फिल्मस् वितरण गर्दैछ।

# एलिना चौहानको नयाँ गीत सार्वजनिक


■ प्रभाव संवाददाता

**काठमाडौं–** गायिका एलिना चौहानको नयाँ गीत 'सबैको हाई हाई बन्न सकिँदैन' सार्वजनिक भएको छ। रोमान्टिक शैलीमा तयार एलिनाकै जीवनसँग मेल खाने यो गीतमा शब्द, सङ्गीत कस्तुप पन्तको रहेको छ।

रमेश सेन्चुरीको सङ्गीत संयोजन रहेको गीतको हरेक शब्द गायिका एलिनाले आफ्नै मनका भावना व्यक्त गरे झैं लाग्छ। रोमान्टिक शैलीको यो गतिको शब्द भने मर्मस्पर्शी छन्।

सारथी म्युजिक प्रालिले उत्पादन गरेको गीतको भिडियो आकर्षक बनेको छ। भिडियोमा स्मारिका ढकालको अभिनय छ। थुप्रै कोरस समेत प्रयोग भएको गीतको भिडियोको कोरियोग्राफी तथा निर्देशन काजिश श्रेष्ठले गरेका हुन्।

भिडियोमा महेश महराको छायाङ्कन र दीपक विष्टको सम्पादन छ। गीत सार्वजनिक भएको २४ घण्टा नबित्दै १ लाख ७४ बढिले हेरिसकेका छन्। गीतको टिकटक समेत धेरै बनिरहेका छन्।



# सौन्दर्य कलासम्बन्धी तालिम



■ प्रभाव संवाददाता

**भक्तपुर–** मध्यपुर थिमी नगरपालिकाको आयोजना तथा जिएम ब्युटी सैलुनको सहकार्यमा हालै कौशलटारमा एक समारोहका बीच एक महिने सौन्दर्य कला सम्बन्धी तालिम तथा समापन कार्यक्रम सम्पन्न गरिएको छ।

मध्यपुर थिमी नगरपालिकाका विभिन्न सीपमुलक तालिम योजना मध्य हालै स्वरोजगार तथा उद्यमशीलताको लागि लघु उद्यम बिकास (मेड्प) कार्यक्रम अन्तर्गतको सीप बिकास तालिमको अन्तर्गतको पनि एक सीपमुलक यो सौन्दर्य कला तालिममा जिएम ब्युटी सैलुन मार्फत विभिन्न उद्यमशील महिलाहरूलाई तालिम सकिएको प्रमाण पत्र तथा प्रविधी हस्तान्तरण कार्यक्रम गरि सम्पन्न गरिएको छ।

उधोग सहकारी तथा रोजगार प्रवर्द्धन शाखाका प्रमुख अभयन्द्र रन्जितको अध्यक्षता तथा मध्यपुर थिमी नगरपालिका वडा नं ३ का अध्यक्ष कृष्णहरी आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा वडा नं ३ का वडा सदस्य निर्माला परियार, वडा सचिव अञ्जु भट्टराई, उपकार साकोसका व्यवस्थापक कपिल ध्वजु, सिनियर कस्माटोलोजिस्ट, ब्युटिसियन तथा जिएम ब्युटी सैलुनकी सञ्चालिका मन्दिरा खडका, लघु वित्त सहजकर्ता शोभा राउत लगायत विभिन्न विशिष्ट व्यक्तित्वहरू, पत्रकार, स्थानीयहरूको उपस्थिती रहेको थियो।

कार्यक्रममा प्रमुख अतिथी मध्यपुर थिमि वडा नं. ३ का अध्यक्ष कृष्ण हरी आचार्य लगायत अतिथिले संयुक्त रूपमा तालिम प्राप्त गर्ने महिलाहरूलाई प्रमाणपत्र तथा सीपसंग सम्बन्धित प्रविधी हस्तान्तरण गरेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि आचार्यले यस्तै विभिन्न सीपमूलक तालिम कार्यक्रमहरू नियमित रूपमा सञ्चालन भए सबै स्वरोजगार हुने, आत्मनिर्भर हुने, विदेश धाउनु नपर्ने जस्ता विभिन्न समस्याको दिर्घकालिन समाधान हुने र यस्ता कार्यहरूमा आफुले जति सक्दो बजेट सरकारसंग अपिल गर्ने लगायत आफुले सक्दो सहयोग गर्ने प्रतिबद्धता पनि जनाए।

साथै आफ्नो वडा, पालिकामा अब यस्तो कार्यहरूलाई अझै प्राथमिकताको श्रेणीमा राख्ने र आगामी आर्थिक वर्षमा अझै तिब्र रूपमा यस्तो कार्यक्रमहरूलाई अगाडी बढाउदै लाने कुरामा पनि जोड दिए।

# कलाकार शर्मालाई सहयोग

**काठमाडौं (प्रस)–** लामो समयदेखि मुटुको समस्याबाट पीडित कलाकार शकुन्तला शर्मालाई चलचित्रकर्मी कल्याणकारी कोषबाट नगद ७५ हजार सहयोग गरिएको छ। शर्मालाई बुधबार उनको लाजिमपाटस्थित निवासमा पुगेर उक्त सहयोग प्रदान गरिएको हो। चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, बोर्ड सदस्य सन्तोष लोहनी, वीरेन्द्र भट्ट, कल्याणकारी कोषकी संयोजक वसुन्धरा भुसालले, कलाकार निर्देशक दीपाश्री निरौला, चलचित्र प्राविधिक सङ्घका अध्यक्ष पुष्कर लामा लगायतले सहयोग हस्तान्तरण गरे। कोष चलचित्र विकास अन्तर्गत रहेको छ। कलाकार शर्मा लामो समयदेखि मुटुका दुवै भल्वमा समस्या भई लामो समयदेखि उपचार गराइरहेकी छन्।

रंगशाला

## एसिसी पुरुष यू-१६

# उपाधिका लागि नेपालले सिंगापुरसँग खेल्ने



■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिसी पुरुष यु-१६ पूर्वी क्षेत्रीय क्रिकेट प्रतियोगिताको उपाधिका लागि नेपालले सिंगापुरसँग खेल्ने भएको छ। उक्त खेल मलेसियामा शनिबार बिहान ७:४५ बजे सुरु हुने छ।

नेपालले बिहीबार भएको सेमिफाइनल खेलमा मलेसियालाई नौ विकेटले पराजित गर्दै प्रतियोगिताको फाइनलमा स्थान बनाएको हो। मलेसियाले दिएको ९१ रनको लक्ष्य नेपालले ११ दशमलव चार ओभरमा एक विकेट गुमाएर पूरा गर्यो। यस्तै सिंगापुरले हङकङलाई ४ विकेटले हराएर नेपालसँगको उपाधि भिडन्त पक्का गरेको हो। हङकङले दिएको एक सय ६९ रनको लक्ष्य सिंगापुरले ३८ दशमलव ५ ओभरमा ६ विकेट गुमाएर पूरा गऱ्यो।

नेपालले यसअघि समूह चरणको खेलमा सिंगापुरलाई ६ विकेटले पराजित गरेको थियो। समूह चरणमा नेपालले भुटानलाई दुई सय ९८ रनले तथा इन्डोनेसियालाई तीन सय ७० रनले पराजित गरेको थियो।

यसैगरी सिंगापुरले समूह चरणका खेलमा भुटानलाई दुई सय २६ रनले, जापानलाई तीन विकेटले तथा इन्डोनेसियालाई नौ विकेटले पराजित गरेको थियो। नेपाल समूह चरणका चारवटै खेल जितेर समूह 'ए'को शीर्ष स्थानमा रहँदै सेमिफाइनलमा प्रवेश गरेको हो। उक्त समूहबाट दोस्रो स्थानमा रहँदै सिंगापुर पनि सेमिफाइनलमा पुगेको हो। यस्तै समूह 'बी'बाट हङकङ शीर्ष स्थानमा रहँदै तथा मलेसिया दोस्रो स्थानमा रहेर सेमिफाइनलमा प्रवेश गरेका थिए।

नेपाल प्रतियोगिताको डिफेन्डिङ च्याम्पियन हो। नेपालले सन् २०२३ मा भएको प्रतियोगितामा फाइनलमा मलेसियालाई हराउँदै उपाधि जितेको थियो। एसियाली क्रिकेट परिषद् (एसिसी) को आयोजनामा जारी प्रतियोगितामा नेपालसहित १० राष्ट्र सहभागी थिए। समूह 'ए' मा नेपालसहित सिंगापुर, इन्डोनेसिया, भुटान र जापान तथा समूह 'बी' मा आयोजक मलेसियासहित हङकङ, माल्दिभ्स, थाइल्याण्ड र म्यानमार रहेका थिए।

## सुदूरपश्चिम यू-१९ महिला क्रिकेट

# डडेल्धुरा च्याम्पियन

**बैतडी (प्रस)–** सुदूरपश्चिम प्रदेशस्तरीय यू-१९ महिला क्रिकेट प्रतियोगिताको उपाधि डडेल्धुराले जितेको छ। बिहीबार सम्पन्न फाइनल खेलमा डडेल्धुराले कञ्चनपुरलाई ५ रनले पराजित गरेको हो। उपाधिसँगै डडेल्धुराले रु दुई लाख पुरस्कार तथा कञ्चनपुरले रु एक लाख पुरस्कार प्राप्त गरेको छ। कैलालीको फाप्ला क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको डडेल्धुराले निर्धारित २० ओभरको खेलमा १६ दशमलव ५ ओभरमा सवै विकेट गुमाएर ८८ रन बनायो। उनानब्बे रनको विजयी लक्ष्य पछ्याउने क्रममा कञ्चनपुरको पारी नौ विकेट गुमाउँदै ८३ रनमा समेटियो।

डडेल्धुराका लागि हीरा साउदले २४ रनको अविजित पारी खेलिन्। अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन्। कञ्चनपुरले २० रन अतिरिक्त दिएको थियो। बलिङतर्फ कञ्चनपुरका पुनम जोशीले र सावित्री धामीले ३-३ तथा अर्चना चन्दले २ र गंगा खड्काले एक विकेट लिइन्। यसअघि ब्याटिङ गर्ने क्रममा कञ्चनपुरका लागि अर्चना चन्दले २४ र दीपा बडूले १३ रन बनाइन्। बलिङतर्फ मनिषा खत्री र हीरा साउदले २-२ तथा आशिका महरा, सञ्जु साउद र निशा खठायतले १-१ विकेट लिइन्।

विजेता तथा उपविजेता खेलाडीलाई सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्का सदस्य सचिव लोकबहादुर खड्कालगायतले पुरस्कार वितरण गरे। प्रदेश खेलकुद परिषद्को आयोजनामा यही असार १२ गतेदेखि सुरू भएको उक्त प्रतियोगितामा सुदूरपश्चिमका ८ जिल्ला सहभागी थिए।


ZERO COST RECRUITMENT OPPORTUNITY FOR QATAR !!

शून्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित।

रोजगारदाता कम्पनी : कम्पास क्याटेरिङ सर्भिसेस डब्लुएलएल, कतार

Employer Company : Compass Catering Services WLL, Qatar

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मिति: | २०८२/०३/१७ | चलानी नं.: | ६०२४०४७० | एल टी नं.: | ३२६५२१ |
| Pre Approval Date: | 2025/07/01 | Invoice No.: | 60240470 | L.T. No.: | 326521 |

| सि.नं S.N. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभरटाइम सुबिधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रु. | | | | | | | |
| 1. | Labour | 150 | 50 | 1000 | ३७,५७० | कम्पनीको नियम अनुसार | ८ धण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 10 | 0 | 1500 | ५६,३५५ | | | | | | | |

Pre-interview is going on. पूर्व अन्तरवार्ता धमाधम जारी छ।

The final interview will be conducted in the office on 11 July 2025.

अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २७ गते हुनेछ।

नोट: आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ। आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन।

Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने Who will bear the Insurance at Origin Country | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने Who will bear the workers Air Ticket | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ :ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने। Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

License No.: 822|066|067

Vision & Value Overseas Pvt. Ltd.

GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal

Tel. : 014379749 | 9863194835

Email: apply@vnvnepal.com | Website: vnvnepal.com



इराकको बगदादमा आशुरा उत्सवको एक भागको रूपमा इमाम हुसेनको महाकाव्य प्रदर्शन गर्न परम्परागत पोसाक लगाएका इराकी शियाहरू । *तस्बिरः एपी*

# चीन र इयूले टकराव खोज्नु हुँदैन : विदेशमन्त्री वाङ



**ब्रसेल्स–** चीनका विदेशमन्त्री वाङ यीले आफ्ना युरोपेली संघ (इयू) समकक्षीलाई 'टकराव' विरुद्ध चेतावनी दिएका छन् । विदेश मन्त्रालयले बिहीबार बेइजिङलाई युरोपको सुरक्षालाई कमजोर पार्न रोक्न आग्रह गरेपछि उनको यस्तो भनाइ आएको हो ।

चिनियाँ विदेश मन्त्रालयको विज्ञप्तिअनुसार बुधबार ब्रसेल्समा काजा कालासलाई भेट्दै विदेशमन्त्री यीले चीन र इयूलाई 'मतभेदका कारण विपक्षीका रूपमा मान्न नहुने, न त उनीहरूले असहमतिका कारण टकराव खोज्नु पर्ने' बताए । युरोपले विभिन्न चुनौतीको सामना गरिरहेको भन्दै उनले तर कुनै पनि 'विगत, वर्तमान वा भविष्यमा' चीनले गर्दा नभएको जोड दिए ।

उनीहरूको बैठकअघि इयूको विदेश मामिला प्रमुख कालासले चीन 'हाम्रो विरोधी होइन, तर सुरक्षामा हाम्रो सम्बन्ध बढ्दो तनावमा रहेको' बताए । उनले चिनियाँ कम्पनीहरू 'युक्रेनविरुद्धको युद्धलाई निरन्तरता दिन मस्कोको जीवनरेखा' भएको बताए । उनले बेइजिङले साइबर आक्रमण, लोकतान्त्रिक हस्तक्षेप र अनुचित व्यापार अभ्यासहरू गरेको आरोप लगाउँदै यसले 'युरोपेली सुरक्षा र रोजगारीलाई हानि पुर्‍याउँछ' भने ।

युक्रेनसँगको रुसको तीन वर्षभन्दा लामो युद्धमा चीनले आफूलाई तटस्थ पक्षको रूपमा चित्रण गरेको छ । तर पश्चिमी सरकारहरूले बेइजिङले मस्कोलाई महत्त्वपूर्ण आर्थिक र कूटनीतिक समर्थन दिएको बताउँछन् । 'युरोपसँग नजिकको सम्बन्ध खोज्दै युरोपमा युद्धलाई सक्षम पार्नु भनेको एक विरोधाभास हो जसलाई बेइजिङले सम्बोधन गर्नुपर्छ,' कालासले बुधबार भने ।

यसैबीच विदेशमन्त्री वाङले महाशक्ति प्रतिद्वन्द्वी वासिङ्टनविरुद्ध बेइजिङलाई एक स्थिर सन्तुलनकर्ताका रूपमा चित्रण गर्न खोजे । वासिङ्टनले युरोपेली राष्ट्रहरूबाट आयातमा व्यापक भन्सार शुल्क लगाउने धम्की दिएको छ । 'अमेरिकाले लिएको बाटो चीनको प्रतिविम्बका रूपमा प्रयोग गरिनु हुँदैन,' उनले भने, 'चीन अमेरिका होइन ।'

बेइजिङको विदेश मन्त्रालयले पनि दुई पक्षले युक्रेन, इजरायल र प्यालेस्टिनबीचको द्वन्द्व र इरानको आणविक मुद्दाबारे छलफल गरेको बताएको छ । 'बेइजिङ र ब्रसेल्सले एकअर्कालाई 'सम्मान'का साथ व्यवहार गर्नुपर्छ,' वाङले भने, 'युरोपले अझ बढी 'सक्रिय र व्यावहारिक' चीन नीति अपनाउनुपर्छ ।'

वाङले बुधबार युरोपेली आयोगकी प्रमुख उर्सुला भन डेर लेयन र उनका बेल्जियमका समकक्षी म्याक्सिम प्रिभोटसँग पनि भेट गरे । 'चीन र इयूले बहुपक्षवाद र स्वतन्त्र व्यापारलाई समर्थन गर्नुपर्दछ... र जलवायु परिवर्तनजस्ता विश्वव्यापी चुनौतीहरूलाई सम्बोधन गर्न सँगै मिलेर काम गर्नुपर्दछ,' वाङले भन डेर लेयनलाई भने ।

वाङले अब जर्मनीको यात्रा गर्नुहुने छ । जर्मनीमा उनले कूटनीति र सुरक्षासम्बन्धी विषयमा विदेशमन्त्री जोहान वाडेफुलसँग वार्ता गर्ने छन् । त्यसैगरी फ्रान्समा, वाङले मार्चमा चीन भ्रमण गरेका युरोप र विदेश मामिलामन्त्री जिन-नोएल बारोटसँग भेट गर्ने छन् । बेइजिङमा चिनियाँ राष्ट्रपति सी चिनफिङ र इयूका शीर्ष अधिकारीहरूबीचको शिखर सम्मेलन हुनुभन्दा करिब तीन हप्ता अगाडि यी भ्रमणहरू भएका हुन् । *रासस/एएफपी*

# नयाँ मन्त्रिपरिषद्को शपथसँगै थाइल्याण्डले पायो तेस्रो नेता

**बैंकक–** अदालतको फैसलाले देशको शीर्ष कार्यालयलाई अस्तव्यस्ततामा धकेलेपछि राजाले नयाँ मन्त्रिपरिषद्को शपथ गराएसँगै थाइल्याण्डले बिहीबार एक हप्तामा आफ्नो तेस्रो व्यक्तिलाई प्रधानमन्त्रीको कार्यालयमा नेतृत्व गरेको देखेको छ ।

संवैधानिक अदालतले मंगलबार प्रधानमन्त्री पेटोङटार्न सिनावात्रालाई नैतिकता अनुसन्धान बाँकी रहेको भन्दै निलम्बन गरेपछि प्रधानमन्त्री कार्यालयमा उथलपुथल भएको थियो । शक्ति यातायातमन्त्री र उपप्रधानमन्त्री सुरिया जुङरुङराङकिटकहाँ सरेको थियो । फेरबदलअघि असहज अवस्थामा जुङरुङराङकिटले एक दिनमात्र पूर्णरूपमा कार्यालयमा काम गरेका थिए ।

पूर्वरक्षामन्त्री फुमथाम वेचायाचाईले बिहीबार बिहान सुरियाभन्दा उच्च श्रेणीको उपप्रधानमन्त्रीको भूमिका लिएर राजाद्वारा गृहमन्त्रीको रूपमा शपथ लिए । यसरी उनी कार्यवाहक प्रधानमन्त्री भने । थाई सरकारले सामाजिक सञ्जालमा जारी गरेको विज्ञप्तिमा नयाँ मन्त्रिपरिषद्ले आफ्नो पहिलो बैठकमा कार्यवाहक प्रधानमन्त्रीका रूपमा फुमथामको भूमिकालाई अनुमोदन गरेको बताएको छ ।

पेटोङटार्नलाई हटाइनुअघि उनले आफूलाई नयाँ मन्त्रिपरिषद्मा संस्कृतिमन्त्रीको भूमिका दिएका थिए । यसको अर्थ उनले सत्ताको माथिल्लो तहमा आफ्नो स्थान कायम राखेका छन् । नेतृत्वको घुमाउरो ढोका यस्तो समयमा आएको छ जब राज्यले विभाजित अर्थतन्त्रलाई पुनर्जीवित गर्न र अमेरिकी व्यापार सम्झौता सुरक्षित गर्न राष्ट्रपति डोनाल्ड ट्रम्पको ३६ प्रतिशत भन्सार शुल्कको खतरालाई रोक्न संघर्ष गरिरहेको छ ।



### शीर्षमा "बिग कमरेड"

फुमथामलाई निलम्बित पेटोङटार्न र उनका बुबा थाक्सिन सिनावात्राका वफादार लेफ्टिनेन्ट मानिन्छ । थाक्सिन २१औं शताब्दीको थाई राजनीतिमा प्रभुत्व जमाउने राजवंशका शक्तिशाली प्रमुख पुरुष हुन् ।

थाक्सिनसँग सम्बन्धित दलहरूले सन् २००० को दशकको सुरुदेखि नै सैन्य समर्थक, रूढीवादी समर्थक प्रतिष्ठानसँग झगडा गर्दै आएका छन्, तर विश्लेषकहरूका अनुसार परिवारको राजनीतिक ब्राण्ड अब गिरावटमा प्रवेश गरेको छ । ७१ वर्षीय फुमथामले सन् १९७० को दशकको वामपन्थी युवा आन्दोलनसँगको सम्बन्धका कारण 'बिग कमरेड' उपनाम कमाएका थिए, तर थाकसिनको टेलिकम साम्राज्यमा भूमिका खेलेर राजनीतिमा परिवर्तन भए ।

अघिल्लो मन्त्रिपरिषद्हरूमा उनले रक्षा र वाणिज्य पोर्टफोलियोहरू सम्हालेका थिए र गत वर्ष संकटले शीर्ष पदलाई घेरेपछि कार्यवाहक प्रधानमन्त्रीका रूपमा केही समय बिताएका थिए । पेटोङटार्न थाइल्याण्ड र कम्बोडियाबीचको लामो समयदेखिको क्षेत्रीय विवादमा बाधा परेका छन् । उक्त विवाद मेमा सीमापार झडपमा बदलियो, जसमा एक कम्बोडियाली सैनिकको मृत्यु भयो ।

कम्बोडियाका पूर्वनेता हुन सेनलाई कूटनीतिक फोन गर्दा पेटोङटार्नले उनलाई 'काका' भने र एक थाई सैन्य कमाण्डरलाई आफ्नो 'प्रतिद्वन्द्वी' भनेर उल्लेख गरे । यो लिक भएको रेकर्डिङले व्यापक प्रतिक्रिया निम्त्यायो । कम्बोडियासँग झुकेको र सेनालाई कमजोर बनाएको आरोप लगाउँदै एउटा कन्जरभेटिभ पार्टीले उनको सत्तारूढ गठबन्धनलाई त्यागेको छ । संवैधानिक अदालतले कूटनीतिक विवादमा पेटोङटार्नले मन्त्रिपरिषद्को नैतिकता उल्लंघन गरेको 'शंका गर्ने पर्याप्त कारण' रहेको बताएको छ । *रासस/एएफपी*

# विवादित काश्मीरमा हिन्दू तीर्थयात्रा सुरु

**पहलगाम (भारत)–** हिन्दूहरूले बिहीबार विवादित भारतीय काश्मीरमा एक महिना लामो विशाल तीर्थयात्रा सुरु गरेका छन् । धेरै श्रद्धालुहरू अप्रिलको घातक आक्रमणले पाकिस्तानसँग द्वन्द्व निम्त्याएको ठाउँ नजिकैबाट यात्रा सुरु गरेका छन् ।

गत वर्ष पहलगाम सहरको माथिको जंगलले घेरिएको हिमाली पहाडको गुफामा अवस्थित पवित्र बरफ स्तम्भको अमरनाथ तीर्थयात्रामा पाँच लाख भक्तजनले भाग लिएका थिए । पहलगाम त्यो स्थल हो जहाँ २२ अप्रिलमा बन्दुकधारीहरूले २६ जना हिन्दू पर्यटकको हत्या गरेका थिए । नयाँदिल्लीले बन्दुकधारीहरूलाई पाकिस्तानको समर्थन रहेको बताएको थियो भने इस्लामाबादले उक्त दाबीलाई अस्वीकार गरेको थियो । बन्दुकधारीको उक्त आक्रमणले परस्पर कूटनीतिक उपायहरूको शृंखला सुरु गर्‍यो र यो चार दिनको द्वन्द्वमा परिणत भयो ।

सन् १९९९ पछि आणविक-सशस्त्र यी दुई मुलुकले गरेको यो सबैभन्दा खराब गतिरोध थियो । मे १० को युद्धविरामअघि दुवै पक्षमा मिसाइल, ड्रोन र तोप आक्रमणमा ७० भन्दा बढी मानिस मारिएका थिए । तर उत्तर प्रदेश राज्यबाट यात्रा गरेका तीर्थयात्री मुनेश्वर दास शास्त्रीले भने, 'कुनै पनि प्रकारको डर छैन, हाम्रो सेनाले जतातत्तै पहरा दिइरहेको छ । कसैले पनि हामीतिर औंला उठाउन सक्दैन ।'

भारतले यस कार्यक्रमका लागि सुरक्षा बढाएको छ । हिन्दू धर्मका संहारकर्ता देवता शिवलाई समर्पित उच्च उचाइको गुफामा पुग्ने कठिन यात्राको निरीक्षण गर्न उच्च प्रविधिको निगरानी उपकरणहरूसहित ४५ हजार सेना तैनाथ गरिएको छ । 'तीर्थयात्रीहरूलाई सुरक्षित र सहज बनाउन हामीसँग बहुस्तरीय र गहिरो सुरक्षा व्यवस्था छ,' मुस्लिम बहुल क्षेत्रका प्रहरी प्रमुख भीके बर्डीले भने ।

### डर छैन

पहलगाममा सैनिकहरूले टेण्ट गरिएको आधार शिविरलाई रेजर तारले घेरिएको किल्लामा परिणत गरेका छन् । भर्खरै तैनाथ गरिएका सशस्त्र गाडीहरूमा वा बालुवाको बोराहरू पछाडिको बन्दुकको स्थितिबाट सेनाहरूले नजिकबाट अनुहार पहिचान क्यामेराहरूले सहयोग गरेका प्रयासमार्फत निगरानी राख्छन् ।

जम्मू काश्मीरका भारतीय नियुक्त शीर्ष प्रशासक मनोज सिन्हाले भने, 'मार्गका सबै मुख्य बिन्दुमा उच्च गुणस्तरका निगरानी क्यामेराहरू स्थापना गरिएको छ ।' सबै तीर्थयात्रीहरू दर्ता भएका हुनुपर्छ र हिँड्न सुरु नगरेसम्म संरक्षित गाडीमा यात्रा गर्नुपर्छ । बाटोको जंगलमा लुकेका बंकरहरू निर्माण गरिएका छन्, जहाँ दर्जनौं अस्थायी भान्साघरहरूले निःशुल्क खाना प्रदान गर्छन् । *रासस/एएफपी*

# 'विश्वकै पहिलो' गहिरो समुद्रबाट खनिज निकाल्ने जापानको योजना

**टोकियो–** जापानले जनवरीदेखि समुद्रको फेदबाट दुर्लभ खनिजहरू निकाल्न प्रयास गर्ने सरकारी नवप्रवर्तन कार्यक्रमका निर्देशकले बिहीबार बताएका छन् । उनका अनुसार यो यस्तो प्रकारको सबैभन्दा गहिरो परीक्षण हुने छ ।

नयाँ प्रविधिहरूका लागि महत्त्वपूर्ण स्रोतहरूमा चीनको प्रभुत्वमा चिन्ता बढ्दै गएकाले यस हप्ताको सुरुमा जापानले महत्त्वपूर्ण खनिजहरूको स्थिर आपूर्ति सुनिश्चित गर्न संयुक्त राज्य अमेरिका, भारत र अस्ट्रेलियासँग काम गर्ने वाचा गरेको थियो । दुर्लभ मृत्तिका खनिजहरू, पृथ्वीको क्रस्टबाट निकाल्न कठिन १७ वटा धातुहरू विद्युतीय सवारीसाधनदेखि हार्ड ड्राइभ, विन्ड टर्बाइन र मिसाइलसम्म सबै कुरामा प्रयोग हुन्छन् ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आइएइए) का अनुसार चीनले दुर्लभ मृत्तिका खनन उत्पादनको लगभग दुईतिहाइ र विश्वव्यापी परिस्कृत उत्पादनको ९२ प्रतिशत हिस्सा ओगटेको छ । जापानको क्रस-मिनिस्टेरियल स्ट्रेटेजिक इनोभेसन प्रोमोसन प्रोग्रामका निर्देशक शोइची इशीले चिक्यु नामक जापानी गहिरो समुद्री वैज्ञानिक ड्रिलिङ डुंगाले जनवरीदेखि दुर्लभ मृत्तिका तत्वहरू भएको समुद्री सतहको तलछट पुनः प्राप्त गर्न 'परीक्षण यात्रा' सञ्चालन गर्ने बताए । 'पानीको पाँच हजार ५०० मिटर (३.४ माइल) गहिराइबाट तलछट निकाल्ने परीक्षण संसारमा पहिलो हो,' उनले भने, 'हाम्रो लक्ष्य... यो यात्राको सबै खनन उपकरणहरूको कार्य परीक्षण गर्नु हो, त्यसैले निकालिएको तलछटको मात्राले कुनै फरक पार्दैन ।'

चिक्युले प्रशान्त महासागरको दुर्गम टापु मिनामी तोरिशिमाको वरिपरि जापानी आर्थिक पानीमा ड्रिल गर्ने छ । मिनामी तोरिशिमा जापानको सबैभन्दा पूर्वी बिन्दु जसलाई सैन्य आधारको रूपमा पनि प्रयोग गरिन्छ । जापानको निक्केई बिजनेस डेलीका अनुसार मिसनले करिब तीन हप्तामा समुद्री सतहबाट ३५ टन माटो निकाल्ने लक्ष्य राखेको छ । प्रत्येक टनमा लगभग दुई किलोग्राम (४.४ पाउण्ड) दुर्लभ मृत्तिका खनिजहरू हुने अपेक्षा गरिएको छ । *रासस/एएफपी*


**कतारमा रोजगार** कम्पनी : ELITE INTERNATIONAL ENGINEERING

पूर्व स्वीकृति मिति : २०८२/03/१९ | LT. No. 326722 | चलानी नं. ६०२४०५९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 2 | 0 | 1200 | ४४,९६७ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Welder | 1 | 0 | 1200 | ४४,९६७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २७ गते (11th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

**ओमनमा रोजगार** कम्पनी : MUBADIRAT SINAW TRADING

पूर्व स्वीकृति मिति : २०८२/03/१९ | LT. No. 326669 | चलानी नं. ६०२४०५९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | tailor general | 8 | 0 | 130 | ४६,२१५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | sewing worker manual or mechanic | 7 | 0 | 130 | ४६,२१५ | | | | | | | |
| 3 | dressmaker mens clothes | 4 | 0 | 130 | ४६,२१५ | | | | | | | |
| 4 | ladies & childrens dress making | 3 | 0 | 130 | ४६,२१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २७ गते (11th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३०२/०७४/०७५
**Lucky Human Resource Pvt.Ltd.**
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

**अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना**

प्रकाशित मिति : २०८२/०३/२० गते

यस Smart Life ECO Pvt. Ltd. कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपशिल

| S.N. | Item details | Model | Capacity | Brand | Origin | Quantity | MRP. |
|---|---|---|---|---|---|---|---|
| 1 | WALL MOUNTED SPLIT AC | IDU-MWM-V12HRI ODU:MOUA-V12HRI | 12K | Meker | China | PCS | 70,000.00 |
| 2 | WALL MOUNTED SPLIT AC | IDU:MWM-V18HRI ODU:MOUA-V18HRI | 18K | Meker | China | PCS | 99,334.00 |
| 3 | WALL MOUNTED SPLIT AC | IDU:MWM-V24HRI ODU:MOUA-V24GRI | 24K | Meker | China | PCS | 114,667.00 |

स्मार्टलाईफ इको प्रा.लि., च्यासल-९, ललितपुर, नेपाल, Email : hmc@himmcom.com.np स्थायी लेखा नं.: ३०४४६३३९६

**वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर**

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १९२१०० | प्रति तोला - ० | प्रति तोला - २१७० |

# ढुक्क भएर नेपालमा लगानी गर्न अध्यक्ष ढकालको आग्रह



■ प्रभाव संवाददाता

**काठमाडौं**- नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले स्पेनका उद्यमी-व्यवसायीलाई नेपालमा लगानीमैत्री वातावरण निर्माण भएकाले ढुक्क भएर लगानी गर्न आग्रह गरेका छन् ।

बुधबार म्याड्रिडस्थित नेपाली दूतावासले आयोजना गरेको कार्यक्रममा उनले पर्यटन, ऊर्जा, कृषि, सूचना प्रविधि र पूर्वाधार क्षेत्रमा स्पेनका व्यवसायीहरूलाई लगानीका लागि आग्रह गरेको महासङ्घले जनाएको छ ।

स्पेन वाणिज्य तथा उद्योग महाङ्गका सदस्य, व्यापारीक समुदायका अगुवा, नेपाली समुदायका प्रतिनिधि र कूटनीतिक व्यक्तित्व सहभागी कार्यक्रममा अध्यक्ष ढकालले नेपालको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको पर्यटन उद्योगमा लगानी गरेमा प्रतिफल पाउन सहज हुने बताए ।

विश्वको सर्वोच्च शिखर सगरमाथादेखि लिएर भगवान् बुद्धको जन्मस्थल लुम्बिनीसम्मका धार्मिक, सांस्कृतिक र प्राकृतिक स्थलहरूप्रति धेरैको आकर्षण रहेको वास्तविकता सुनाउँदै अध्यक्ष ढकालले गुणस्तरीय सेवा र पूर्वाधारमा लगानी गर्न सके विश्वका धेरै मुलुकका पर्यटकलाई आकर्षित गर्न सकिने बताए ।

स्पेनमा प्रधानमन्त्री ओली

# स्वदेश फर्किएर विकास र समृद्धिमा सघाउन आग्रह

■ प्रभाव संवाददाता



**मेड्रिड (स्पेन)**- प्रधानमन्त्री केपी शर्मा ओलीले स्पेनस्थित प्रवासी नेपाली मञ्चका पदाधिकारी र प्रतिनिधिसँग अन्तरक्रिया गरेका छन् । स्पेनको सेभियामा संयुक्त राष्ट्रसङ्घको विकासका लागि वित्त सम्मेलनसँग सम्बन्धित कार्यक्रम सकिएपछि हाल मेड्रिडमा रहेका प्रधानमन्त्री एवम् नेकपा (एमाले)का अध्यक्ष ओलीसँग गएराति भेटघाट भएको हो ।

स्पेनका लागि नेपाली राजदूतको निवासमा भएको भेटमा एमाले निकट मञ्चका पदाधिकारीहरूले प्रधानमन्त्री ओलीलाई स्पेनमा स्वागत र सम्मानसहित प्रधानमन्त्री ओलीको नेतृत्वमा नेपालमा भइरहेको विकास र समृद्धिको यात्राको सफलताको कामना पनि गर्नुभएको छ ।

प्रधानमन्त्री ओलीले विदेशमा सिकेको ज्ञान, अनुभव र पुँजीलाई स्वदेशको विकास र समृद्धितर्फ प्रयोग गर्नेक्रम चलिरहेकाले नेपालमा फर्केर उपयुक्त पेसा व्यवसायमा संलग्न हुन आग्रह गरे । अध्यक्ष ओलीले मुलुकमा स्थिरता र विकासका लागि दुई ठुला दलको सहकार्यमा वर्तमान सरकार बनेको स्पष्ट गर्दै आफूहरूबीच भएको समझदारीबमोजिम समय आउनु केही साता अघि नै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई सत्ता हस्तान्तरण गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले विषम परिस्थितिमा पनि आफूहरूले मुलुकलाई राजनीतिक निकास र स्थायित्व दिँदै आएको विगतलाई स्मरण गर्दै आगामी दिनमा पनि सहज निकास दिइने बताए । अहिलेको गठबन्धन र आफ्नो पार्टीभित्र बाहिर चर्चामा आएजस्तो कुनै समस्या र विवाद नभएको पनि उनले स्पष्ट पारे ।

भेटका क्रममा प्रधानमन्त्रीका मुख्य सल्लाहकार एवम् एमालेका उपमहासचिव विष्णुप्रसाद रिमाल, स्पेनका लागि नेपाली राजदूत शनिल नेपाल, प्रवासी नेपाली मञ्च, अन्तरराष्ट्रिय कमिटीका सचिव एवं संगठन विभाग प्रमुख हेम शेर्पा, युरोप महादेश कमिटीका संयोजक मुक्तबहादुर गुरुङ, मञ्चका स्पेन अध्यक्ष केदार ढुंगाना, मेड्रिड कमिटीका अध्यक्ष शिवराज सिग्देल र पोर्चुगलका अध्यक्ष दीपक क्षेत्रीलगायत सहभागी थिए ।

# नागरिक उड्डयन प्राधिकरणको संरचनागत सुधार अपरिहार्य

**काठमाडौं (प्रस)**- मुलुकको हवाई क्षेत्रलाई व्यवस्थित, सुरक्षित र भरपर्दो तुल्याउन नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई सेवालाई सेवाप्रदायक र नियामक निकायका रूपमा विभाजन गरिनुपर्ने यस क्षेत्रका विज्ञहरूले औंल्याएका छन् ।

प्रतिनिधिसभाअन्तर्गतको अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सिंहदरबारमा भएको बैठकमा क्यानका पूर्वमहानिर्देशक सञ्जीव गौतमले हवाई सेवालाई सुरक्षित र व्यवस्थित तुल्याउन विद्यमान क्यानको संरचनालाई परिवर्तन जरुरी रहेको उल्लेख गरे ।

गौतमले भने, 'क्यानको संरचनागत सुधारको विषय लामो समयदेखि उठिरहेको र पटक-पटक सरकारको नीति तथा कार्यक्रममा पनि समेटिएको थियो । अहिले यो करिब अन्तिम चरणमा पुगेको छ । विभाजन मात्रै ठूलो कुरा होइन एउटै छातामुनि भएपनि ' फङ्सनल सेपेरेसन' स्पष्ट हुनुपर्छ ।'

पूर्वमहानिर्देशक गौतमले हालको संरचनामा क्यानले सेवा प्रदायकमा बढी फोकस भएको तर नियनमको पाटोलाई कम महत्व दिएकाले हवाई सुरक्षा प्रभावकारी हुन नसकेको उनको भनाइ थियो ।

# बज्रबाराही चापागाउँ अस्पतालको सुधारमा जोड

**ललितपुर (प्रस)**- ललितपुरको बज्रबाराही चापागाउँ अस्पताललाई गुणस्तरीय, उत्तरदायी र जनमैत्री सेवाको नमुना बनाउन सरोकारवालाहरूले जोड दिएका छन् । नेपाल पत्रकार महासंघ ललितपुर शाखाले बिहिवार यहाँ आयोजना गरेको अस्पतालको सामाजिक परीक्षणमा सहभागीहरूले अस्पतालको सुधार, सेवा विस्तार र जनविश्वास निर्माणमा जोड दिनुपर्नेमा आवाज उठाएका हुन् ।

सामाजिक परिक्षण कार्यक्रममा मन्तव्य राख्दै बागमती गाउँपालिकाका अध्यक्ष वीर बहादुर लोप्चनले बज्रबाराही चापागाउँ अस्पताललाई प्रभावकारी अस्पतालको रूपमा विकास गर्नुपर्नेमा जोड दिए । 'महानगर वा नगरपालिकाले आफ्नै स्रोतले पनि अस्पताल सञ्चालन गर्न सक्छ, तर स्रोत र साधनको अभावमा गाउँपालिकालाई गाह्रो पर्छ,' उनले भने, ' नागरिकको हीतलाई हामीले ध्यान दिनुपर्छ, कुनै पनि विरामीले यहाँ आएपछि सेवा नपाउने अवस्था हुनुहुँदैन, जनचेतनाको माध्यमबाट यहाँको सेवाका बारेमा जानकारी दिँदै रोग लागेर उपचार गर्नुभन्दा रोग न्यूनीकरणतर्फ ध्यान दिनुपर्छ ।'




गोदावरी नगरपालिका वडा नं. १३ का अध्यक्ष भास्कर थापाले आफूले थाहा पाउँदा 'ससिखेल हेल्पोष्ट' भनेर चिनिने यो अस्पताल आज प्रदेशस्तरीय अस्पतालका रूपमा विकास भएको उल्लेख गर्दै यस क्षेत्रका स्थानीयहरूको विश्वासिलो सेवा प्रवाह जरुरी भएको बताए ।

वडा नं. ११ का अध्यक्ष निलबहादुर देसारले विरामीको चाप बढ्दासमेत अस्पतालमा सेवा लिनेको संख्या घट्नु चिन्ताको विषय भएको बताए । उनले जनतामा अस्पतालप्रति विश्वास कायम गर्न प्रभावकारी सेवा प्रवाह जरुरी छ भने ।

अस्पताल सञ्चालक समितिका अध्यक्ष रामहरि घिमिरेले सामाजिक परीक्षणबाट आएका सुझावलाई सुधारको अवसरको रूपमा लिएर कार्ययोजनामा समावेश गरिने जानकारी गराए । 'हामी राजनीतिमा होइन, सेवामा केन्द्रित छौं, समितिले बनाएको योजना अनुसार साउनदेखि सुधारका काम हुन्छ,' उनले भने ।

मेडिकल सुपरिटेन्डेन्ट डा. अंकुर पौडेलले अस्पतालमा पछिल्लो एक वर्षमा उल्लेखनीय प्रगति भएको उल्लेख गर्दै ९८ प्रकारका औषधि सधैं उपलब्ध नभएको, एम्बुलेन्स बिग्रिएको, अस्पतालको नाम नहुँदा सेवा प्रवाहमा समस्या हुनेलगायतका चुनौती प्रस्तुत गरे ।

## कर्पोरेट

### टाटाको ७.७ डिल्स लाइक नेभर विफोर स्किम




**काठमाडौं (प्रस)**- टाटा मोटर्सको नेपालका लागि एकमात्र आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रा.लि.ले यही असार १९ देखि २३ गते (जुलाई ३ देखि ७ जुलाई) सम्म ७७ डिल्स लाइक नेभर विफोर विशेष कार्यक्रम आयोजना गर्ने भएको छ । यस कार्यक्रम अन्तर्गत जुनसुकै ब्रान्डका पुराना गाडी साटेर टाटा ब्राण्डका पेसेन्जर श्रेणीअन्तर्गत नेपालमा सर्वाधिक रुचाइएका अत्याधुनिक प्रविधियुक्त नयाँ टियागो.इभी, पन्च.इभी, नेक्सन के ३.इभी, र कभ.ईभी एक्सचेन्ज तथा खरिद गर्न सकिनेछ जनाइएको छ ।

'७.७ डिल्स लाइक नेभर विफोर' कार्यक्रम अर्न्तरगत ग्राहकहरूलाई लक्षित गर्दै हरेक टाटा गाडीको खरिदमा जोडीका लागि थाइल्याण्ड भ्रमण, साथै एक वर्षको अटोप्लस बीमा, दुई आर्थिक वर्षसम्मको सवारीकर, एसेसोरिज, वारेन्टी अवधिभर चार्जिङ सेवा, चार्जिङ बक्ससहित जडान, र एम्बोस्ड नम्बर प्लेट जस्ता सुविधा निःशुल्क रूपमा प्राप्त गर्न सक्नेछन ।

सो अवसरमा ग्राहकहरूले नेपालभर रहेका टाटा मोटर्सको शोरुममा गई नयाँ तथा अत्याधुनिक डिजाइनका गाडीहरू अवलोकन तथा हरेक टेस्ट ड्राइभ, बुकिङ, र गाडी मूल्यांकन गर्दा ग्राहकहरूलाई आकर्षक उपहारहरू प्रदान गरिनेछ । एक जना भाग्यशाली विजेताले बम्पर पुरस्कार स्वरूप आईफोन १६ जत्ने अवसर समेत पाउनेछन । पाँच दिनसम्म सीमित यस कार्यक्रमको अवधिमा टाटा मोटर्सको देशभर रहेका अधिकारिक शोरूमहरूमा यो कार्यक्रम संचालनमा हुने छ ।

### ग्लोबल आइएमई क्यापिटलको 'समुन्नत योजना २' म्युचुअल फन्ड असार २२ गतेदेखि निष्काशनमा




**काठमाडौं (प्रस)**- ग्लोबल आइएमई क्यापिटल लिमिटेडले असार २२ गतेदेखि सामूहिक लगानी कोष 'ग्लोबल आइएमई समुन्नत योजना २' को इकाई सार्वजनिक निष्काशन गर्ने भएको छ । यो योजना प्रारम्भमा १ अर्ब २० करोडको कोष आकारबाट सुरु हुनेछ भने बढीमा २५ प्रतिशतसम्म वृद्धि गर्दै १ अर्ब ५० करोडसम्म विस्तार गर्न सकिने ' ग्रीनसुओ अप्सन' सहितको व्यवस्था गरिएको छ ।

यस योजनाले इक्विटी तथा निश्चित आम्दानीयुक्त साधनहरूमा लगानी गरी सन्तुलित रूपमा जोखिम व्यवस्थापन गर्दै लगानीकर्तालाई दीर्घकालीन लाभ दिने उद्देश्य राखेको छ । योजना पूर्ण रूपमा म्युचुअल फन्ड नियमावली २०६७ अनुसार संचालनमा ल्याइएको छ, जसले पारदर्शिता, लगानीकर्ता संरक्षण तथा उचित कोष व्यवस्थापन सुनिश्चित गर्ने जनाएको छ ।

क्यापिटलले यस योजनाको वार्षिक औसत प्रतिफल २२.४९ प्रतिशत रहने प्रक्षेपण गरेको छ । यस अनुसार यस योजनाका इकाईधनीहरूले १० वर्षमा कुल २२४.९६ प्रतिशत प्रतिफल प्राप्त गर्ने जनाएको छ ।

ग्लोबल आइएमई म्युचुअल फण्ड अन्तर्गत हाल २ योजनाहरू सञ्चालनमा छन् । जसमध्ये समुन्नत योजना १ ले ७ वर्षमा १०४ प्रतिशत लाभांश वितरण गरेको छ भने १०.१६ प्रतिशत फन्ड पुनर्खरीद प्रतिफल दिएको छ । त्यस्तै, १० वर्ष अवधिको ग्लोबल आइएमई ब्यालेन्स्ड फन्ड १ को १.०२५ अर्ब कोष आकार रहेको छ ।


## प्लाष्टिक प्रयोगमा कटौती गरौं

**प्लाष्टिक प्रयोगले:**

- माटोको उर्वरा शक्ति घटाउँछ,
- पानी प्रदूषण हुन्छ,
- पशुले प्लाष्टिक खाएमा मृत्यु हुन्छ,
- मानव स्वास्थ्यमा हानी पुर्‍याउँछ,

**त्यसैले,**

- प्लाष्टिकका झोलाको सट्टा कपडाको झोलाको प्रयोग गरौं,
- प्लाष्टिकका भाँडाको सट्टा स्टिल, काँच र बाँसका सामाग्रीको प्रयोग गरौं,
- प्लाष्टिकजन्य फोहोर सही तरिकाले व्यवस्थापन गरौं,
- 'प्लाष्टिकमुक्त' अभियानमा सहभागी बनौं ।

**वातावरणको संरक्षण गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ